दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ०४ | बुटवल | २०८२ पौष १४ गते, सोमबार | नेपाल संवत ११४६ | Monday December 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।

**इन्फ्लुएन्जा (फ्लू) बाट बच्न:**
- नियमित रुपमा साबुन पानीले हात धुने गरौं ।
- खोक्दा वा हाच्छ्यूँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं ।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं ।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं ।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुखे, थकान) देखिए सावधानी अपनाऔं । -सफा, ताजा र पोषिलो खाना खाऔं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौ ।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

## तेस्रो न्यूज फेस्टिवल :

# लुम्बिनीलाई आध्यात्मिक पर्यटन केन्द्र बनाउन जोड

**लुम्बिनीलाई विश्वभरका एक अर्ब बौद्धमार्गीको आकर्षणको केन्द्र बनाउन सकिने सरोकारवालाले औंल्याएका छन् ।**

**टिआर शर्मा**

*बुटवल*

बुद्ध जन्मस्थल लुम्बिनीलाई आध्यात्मिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सरोकारवालाले सरकारको ध्यानाकर्षण गराएका छन् । लुम्बिनीमा आयोजित 'तेस्रो लुम्बिनी न्यूज फेस्टिवल' अन्तर्गत 'लुम्बिनी : लगानी र पर्यटनको सामर्थ्य' बारे भएको छलफलमा लुम्बिनीको गुरुयोजनामै यो ठाउँलाई पवित्र उद्यान (बगैंचा) का रुपमा परिभाषित गरिए पनि त्यसअनुसार हुन नसक्नु विडम्बना भएको औंल्याए । गुरुयोजनामा उल्लेख पवित्र उद्यानको मूल मर्म लुम्बिनीलाई अन्य पर्यटन नभई आध्यात्मिक पर्यटन केन्द्र बनाउने रहेको लुम्बिनीका अगुवा होटेल व्यवसायी लिलामणि शर्माले बताए । उनले लुम्बिनीलाई विश्वभरका एक अर्ब बौद्धमार्गीको आकर्षणको केन्द्र बनाउन सरकारले विशेष योजना र नीति बनाउनुपर्ने बताए ।

'आध्यात्मिक टुरिजम नै लुम्बिनीको सामर्थ्य हो,' शर्माले भने-'गुरुयोजना अनुसार सिंगो लुम्बिनीलाई पवित्र बगैंचाका रुपमा विकास गर्न सके विश्वभरका एक अर्ब बौद्धमार्गीको आस्थाको केन्द्र लुम्बिनी र मायादेवी मन्दिर बन्न सक्छन् ।'

लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगरप्रमुख कल्पना हरिजनले सरकार र लुम्बिनी विकास कोषको ध्यान र लगानी कोषको चार पर्खाल बाहिर हुन नसकेको गुनासो गरिन् । पुरातात्विक स्थल उत्खननमा मात्र राज्यको लगानी भएको औंल्याउँदै उनले संघीय र प्रदेश सरकारले लुम्बिनीको पर्यटन विकासलाई प्राथमिकता दिनुपर्ने आग्रह गरिन् । उनले लुम्बिनीमा बर्थिङ हस्पिटल बनाउन विदेशी लगानी भित्राउने प्रकृया अघि बढेको बताइन् । फोहोरको दीगो व्यवस्थापन प्रकृया अघि बढेकाले अब विदेशी लगानी भित्रिन सहज भएको हरिजनले बताइन् । उनले नगरपालिकाले आफ्नै बजेटमा ध्यान केन्द्र बनाएको र पर्यटन सूचना केन्द्र स्थापना गरेको जनाइन् ।

लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले विश्व सम्पदा स्थल लुम्बिनी बौद्ध शिक्षा, शान्ति र सहअस्तित्वको केन्द्रको रुपमा विकास हुनुपर्ने स्थल भएको बताए ।

लुम्बिनी विकास कोषले संयुक्त राष्ट्र संघको निर्देशन र नेपाल सरकारको योजना र बजेटभन्दा बाहिर गएर जथाभावी लगानी र काम गर्न पाउँदैन भन्ने तथ्य बिर्सन नहुने राईले आग्रह गरे । अहिलेसम्मका कार्यक्रम र बजेट लुम्बिनी गुरुयोजना पूरा गर्नका लागि मात्र हुने गरेको उनले बताए । लुम्बिनी गुरुयोजना पूरा गर्न ढिलाइ हुनुमा पर्याप्त बजेट अभाव भएको राईले गुनासो गरे । भारतीय पर्यटन व्यवसायीमार्फत् लुम्बिनीमा भारतीय र विदेशी पर्यटक आउने गरेकाले लुम्बिनीमा बास नबसी एक दिनमै फर्किने परिपाटी रहेको, तर पछिल्लो समय गुणस्तरीय पर्यटक भित्राउने र बसाई लम्ब्याउने क्रम बढ्न थालेको राइले बताए ।

छलफलमा कान्तिपुर टेलिभिजनका नायब समाचार प्रमुख रुपेश श्रेष्ठले लुम्बिनीको पर्यटन विकासका लागि पर्यटकमैत्री नीति,



प्रडक्ट र व्यवहार हुनुपर्ने औंल्याए । पर्यटनमा लगानी सरकारले नभई व्यवसायीले गर्ने र पर्यटन विकासको वातावरण र नीतिगत सहजता सरकारले बनाइदिनु पर्ने श्रेष्ठले बताए । लुम्बिनीका उद्यानहरुलाई विश्वभरका बौद्धमार्गीहरु आएर ध्यान गर्ने ध्यान केन्द्र बनाउन राज्य र निजी क्षेत्रले विशेष योजना बनाउनुपर्ने श्रेष्ठले सुझाव दिए ।

यो सेसनको सहजीकरण क्लबका निवर्तमान अध्यक्ष नरेश केसीले गरेका थिए । न्यूज फेस्टिवलमा 'सीमापार सम्बन्ध : आवश्यकता र सम्भावना','पत्रकारितामा प्रश्न : जिम्मेवारी र जवाफदेहिता' विषयमा पनि छलफल भएको थियो ।

फेस्टिभलअन्तर्गत पहिलो सेसन 'सीमापार सम्बन्ध : आवश्यकता र सम्भावना' मा भएको नेपाल पत्रकार महासंघ अध्यक्ष निर्मला शर्माले ग्लोबलाइजेसनको अवस्थामा सीमापार सम्बन्ध अति आवश्यक भएको बताइन् । उनले दैनिक जीवनसँग जोडिएका सवाल, दुई देशबिच कस्ता नीति बनाउने विषय र समस्या समाधानका लागि पनि मिडियाको भूमिका महत्वपूर्ण हुने बताइन् । नेपाल र भारतको पत्रकारिताबिच सकारात्मक सम्बन्ध विकास गर्न र एक अर्का देशको विषयमा तथ्यहीन र सतही आरोप र लाञ्छना लगाउने काम बन्द गर्नु पर्ने यसले दुबै देशका पत्रकार असुरक्षित हुने औंल्याइन् ।

एक अर्काको देशलाई हस्तक्षेप गर्न नहुने सकारात्मक पक्षलाई ख्याल गर्नुपर्ने र मिथ्या र गलत सूचना प्रवाह नगर्न उनले आग्रह गरिन् । मिथ्या र गलत सूचना प्रवाह रोक्न वहस, छलफल र नीतिगत संशोधन जरुरी रहेको उनको आग्रह थियो । यस्तै आचारसंहिता पालनामा दुबै मुलुकको सम्बन्धित निकायबिच समन्वय आवश्यक र कुनै पनि हिंसालाई प्रश्रय दिन नदिन दुबै देशका मिडिया र पत्रकार सजग बन्नुपर्ने उनले बताइन् । दुई देशका बारेमा लेख्ने पत्रकारहरुको नेटवर्क निर्माण र सीमापार इस्यूमा खोजमूलक समाचार लेखन तालिम प्रदान गर्न आवश्यक रहेको अध्यक्ष शर्माले औंल्याइन् । पत्रकार र मिडियामाथि भौतिक आक्रमणको जोखिम रहेकाले यसबाट जोगिन सम्बन्धित पक्षको ध्यान जानु पर्ने शर्माले सुझाव दिइन् ।

नागरिक दैनिकका प्रधान सम्पादक गुणराज लुइँटेलले भने-'छिमेकी फेर्न सकिंदैन । सँगसँगै बाँच्ने, अघि बढ्नुपर्ने भएकाले पत्रकारिताले समस्या मात्र देखाउने हैन, समाधान दिनुपर्छ । सोलुसन जर्नालिजम आवश्यक । युरोपका सेनजेन देशहरुको समूहकोसीमा मोबाइल नेटवर्कले मात्र छुट्टाउँछ, देशको भौगोलिक सीमाले होइन । त्यस्तै भारतसँग संस्कार संस्कृति र भाषामा समानता र सहतजा भएकाले दुई देशबीच सीमापार सम्बन्ध आवश्यक । दुई देशबिच देखिने गलत बुझाईलाई चिर्न सक्नुपर्छ, मिडियाले । अप्रमाणित सूचना प्रवाह गर्नुहुँदैन । दुई देशबिचको द्वन्द्वमा मिडियाले शान्ति पत्रकारिता गर्नु आवश्यक छ । पत्रकार र मिडियाले आमाले छोरा छोरीलाई म तिमीलाई माया गर्छु भने पनि प्रश्न गर्न र साँच्चै माया गरेको हो होइन, भेरिफाइ गर्नुपर्छ ।'

भारतीय पत्रकार सञ्जय सिंहले साथी बदल्न सकिन्छ, छिमेकी बदल्न सकिन्न भन्दै नेपाल दुई ठूला शक्ति राष्ट्रको बिचमा भए पनि भारतसँग सांस्कृतिक सम्बन्ध रहेको र यसलाई थप प्रगाढ बनाउन आवश्यक रहेको बताए ।

» बाँकी ३ पेजमा

## लुम्बिनी प्रदेश साक्षर प्रदेश घोषणा



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशलाई अब साक्षरबाट शिक्षित प्रदेशको रूपमा घोषणा गर्ने गरी सरकारले प्राथमिकताका साथ काम गर्ने बताएका छन् ।

आइतबार राप्ती उपत्यका (देउखुरी) मा आयोजित लुम्बिनी प्रदेश साक्षर घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले शिक्षक, विद्यार्थी, अभिभावकलगायत सबै सरोकारवालाको अथक प्रयासका कारण साक्षर प्रदेश घोषणा सम्भव भएको र यसलाई दीगो रूपमा अघि बढाउने जिम्मेवारी सबैको हुने बताएका हुन् ।

'घोषणा आफैँमा ठूलो कुरा होइन । साक्षरतालाई टिकाइराख्नु मुख्य विषय हो । अब हामी साक्षरबाट शिक्षित प्रदेशको घोषणा गर्नेतर्फ छिट्टै अघि बढ्नुपर्छ,' उनले भने-'यससँगै प्रदेशलाई दुर्व्यसनमुक्त बनाउने अभियान पनि सशक्त रूपमा अघि बढाउन आवश्यक छ ।'

मुख्यमन्त्री आचार्यले नवयुवाहरू दुर्व्यसनमा फस्नु चिन्ताको विषय भएको उल्लेख गर्दै दुर्व्यसनमुक्त प्रदेश बनाउने विषय सबैको साझा संकल्प हुनुपर्ने जनाए ।

साथै उनले प्रदेश सरकारले सामाजिक विकासलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम र कानुन निर्माणमा जोड दिँदै आएको स्पष्ट पारे ।

प्रदेशमा साक्षरताको मापदण्ड पूरा भई १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.१६ प्रतिशत पुगेकाले लुम्बिनी प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको मुख्यमन्त्री आचार्यले जानकारी दिए ।

लुम्बिनी प्रदेशमा पाँच हजार ७ सय २२ सामुदायिक बालविकास केन्द्र, चार हजार चार सय ३९ सामुदायिक विद्यालय, तीन वटा विश्वविद्यालय, एक सय ८७ क्याम्पस र तीन सय २९ सामुदायिक सिकाइ केन्द्र रहेका छन् । प्रदेशभर विद्यालय तहमा १२ लाख ४६ हजार २ सय ७२ विद्यार्थी अध्ययनरत छन् ।

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाको अध्यक्षता तथा मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मन्त्री तिमिल्सिनाले प्रदेशको शैक्षिक गुणस्तर वृद्धि गर्न सबैको साझा प्रयास आवश्यक रहेको बताए ।

उनले अझै विद्यालय बाहिर रहेका ४२ हजार विद्यार्थीलाई विद्यालय शिक्षामा ल्याउन सक्रियता बढाउनुपर्नेमा जोड दिए ।

सभामुख तुलाराम घर्तीमगरले सामाजिक न्यायसँग जोडिएका ऐन निर्माण गर्न आवश्यक रहेको जनाए । उनले प्रदेशमा भाषा ऐन आवश्यक रहेको उल्लेख गर्दै भाषा, संस्कृति र सभ्यताको संरक्षण पहिचानका लागि अपरिहार्य भएको धारणा राखेका थिए । भौतिक संरचनामा मात्र होइन, अब बौद्धिक क्षेत्रमा पनि लगानी बढाउनुपर्ने उनको भनाइ थियो ।

पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले साक्षरतालाई आयआर्जनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै साक्षरता अभियानलाई अझ फराकिलो ढंगले अघि बढाउनुपर्ने बताए ।

» बाँकी ३ पेजमा

## निर्वाचन आचारसंहिता सार्वजनिक

बुटवल । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन 'निर्वाचन आचारसंहिता, २०८२' स्वीकृत गरेको छ । आयोगले आइतबार जारी गरेको विज्ञप्तिअनुसार यसपटकको चुनावमा भड्किलो प्रचारप्रसार रोक्न सामाजिक सञ्जालको प्रयोगदेखि प्रचार सामग्रीसम्ममा विशेष कडाइ गरिएको छ ।

आचारसंहिता लागु भएसँगै अब राजनीतिक दल वा उम्मेदवारले चुनाव प्रचारका क्रममा आफ्ना निर्वाचन चिह्न वा झन्डा अंकित पहिरन प्रयोग गर्न पाउने छैनन् । आयोगले लोगो, स्टिकर, टोपी, क्याप, भेस्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याज, मास्क, लकेट वा झोला जस्ता सांकेतिक सामग्रीहरू बनाउन, बोक्न र लगाउन पूर्णरूपमा प्रतिबन्ध लगाएको छ ।

यसपटकको आचारसंहितामा सूचना प्रविधिको दुरुपयोग रोक्न सामाजिक सञ्जालको नियमनलाई प्राथमिकतामा राखिएको छ । आयोगकाअनुसार कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक, मेसेन्जर, ट्विटर, युट्युब जस्ता माध्यम प्रयोग गरी भ्रामक, द्वेषपूर्ण वा चरित्र हत्या हुने किसिमका सामग्री उत्पादन र सेयर गर्न पाइने छैन । साथै, गलत सूचना प्रवाह गराउने उद्देश्यले 'फेक एकाउन्ट' वा साइट सञ्चालन गर्न समेत निषेध गरिएको छ । यद्यपि, आयोगले राजनीतिक दल र उम्मेदवारलाई आफ्ना आधिकारिक सामाजिक सञ्जाल वा पेजमार्फत् आफ्ना सिद्धान्त, विचार, प्रतिबद्धता र कार्ययोजनाहरू मर्यादित ढङ्गले प्रचारप्रसार गर्न भने रोक लगाएको छैन ।

निर्वाचन प्रचारप्रसारलाई कम खर्चिलो र अनुशासित बनाउन आमसभा, जुलुस र कोणसभाहरूमा पनि नियमन गरिएको छ । तोकिएको आकार र संख्यामा मात्र दलको झन्डा प्रयोग गर्न पाइनेछ भने निर्वाचन अधिकृतको अनुमति लिएर मात्र सवारी साधनको प्रयोग गर्नुपर्नेछ । आयोगले प्रचारमा बालबालिकाको प्रयोग र सार्वजनिक सम्पत्तिको दुरुपयोग नगर्न सचेत गराएको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आचारसंहिताको उल्लङ्घन भएमा आयोगले कडा कारबाही गर्ने तयारी गरेको छ । आचारसंहिताविपरीत कार्य गरेको पाइएमा स्पष्टीकरण सोध्ने, जरिवाना गर्ने र गम्भीर उल्लङ्घनको अवस्थामा उम्मेदवारको उम्मेदवारी नै रद्द हुनेसम्मको कानुनी कारबाही अघि बढाइने आयोगले चेतावनी दिएको छ ।

हार्दिक बधाई तथा शुभकामना

३८ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

अक्सफोर्ड माध्यमिक विद्यालय परिवार
बुटवल-८ रूपन्देही

हार्दिक बधाई तथा शुभकामना

३८ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

एभरेष्ट माध्यमिक विद्यालय परिवार
सुखखानगर, बुटवल-८ रूपन्देही

दैनिक लुम्बिनी

# सम्पादकीय

## निर्वाचन आचारसंहिताको पालना

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता २०८२ स्वीकृत गरेको छ। निर्वाचनलाई मर्यादित र व्यवस्थित गर्न आचारसंहिता तयार गरी लागु गरिन्छ। फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मिति तय भएकाले आयोगले निर्वाचन लक्षित तयारी तीव्र बनाएको छ। निर्वाचन हुन्छ वा हुँदैन भन्ने व्यापक अन्यौल भइरहे पनि आयोगको तयारीले निर्वाचनको वातावरण बनाउँदैछ। यद्यपी अझै तोकिएकै मितिमा निर्वाचन हुन्छ भन्ने विश्वास गर्ने आधार तयार भएको छैन। निर्वाचनका लागि गर्नुपर्ने सरकारी तयारी थुप्रै बाँकी रहेका र प्रतिनिधिसभा विघटनको मुद्दा अदालतमा विचाराधीन रहेकोले छिनोफानो भएपछि मात्रै निर्वाचनको माहौल बन्ने छ।

निर्वाचन आयोगले तयार गरेको स्वीकृत आचारसंहिता माघ पहिलो साताबाट कार्यान्वयनमा जानेछ। निर्वाचन आचारसंहिताको पालना गर्ने र गराउने कामले निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित बनाउन सघाउँछ। तसर्थ निर्वाचन आयोग, सरकारका निकायहरु, राजनैतिक दल, उम्मेदवार र नागरिकले आचार संहिताको पालना गर्ने र गराउने जिम्मेवारी र कर्तव्यबाट पन्छिनु हुँदैन। स्वच्छ, मर्यादित र निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गर्न सक्छ। आचारसंहिता पालना गर्दा वा नगर्दा केही नहुने भएकाले पालना अनिवार्य नठान्ने पंक्ति पनि समाजमा छ। कानुन झैं अनिवार्य नभएकाले आचारसंहिताप्रति बेवास्ता गरेको पाइन्छ। तर निर्वाचन आचारसंहिता केबल नैतिकताको विषय मात्रै होइन, यो त कानुन झैं पालनाका लागि अनिवार्य छ।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक उम्मेदवारले चुनावी प्रचारप्रसार गर्दा दुईभन्दा बढी गाडी प्रयोग गर्न नपाउने, दुईभन्दा बढी गाडी प्रयोग गरे कारबाही हुने आचारसंहितामा उल्लेछ। आचारसंहितामा भएको यो व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न आवश्यक छ। त्यसको पहलकदमी निर्वाचन आयोगले लिनुपर्छ। आचारसंहितामा उल्लेख हुने, तर कार्यान्वयन नहुने प्रवृत्तिले आचारसंहिताप्रति विश्वास जाग्न सकेको छैन।

लोकतन्त्रमा अधिकतम नागरिकको सहभागितामा हुने निर्वाचनलाई राम्रो मानिन्छ। निर्वाचनमा सबै राजनैतिक दल सहभागी हुन पाउने वातावरण जति आवश्यक छ, निर्वाचनमा तडकभडक र खर्चिलो प्रचारलाई रोक्न पनि उत्तिकै जरूरी छ। तडकभडक र खर्चिलो प्रचारले मतदाता अवाञ्छित ढंगले प्रभावित हुनसक्छन्। मतदातालाई आर्थिक प्रलोभनमा पार्ने प्रयास पनि हुनसक्छ। तसर्थ आचारसंहिताको पालनामा कडाइ गरी अवाञ्छित क्रियाकलाप नियन्त्रणमा ध्यान दिनुपर्छ।

# नयाँ पुस्ता, नयाँ प्रश्न : के वैकल्पिक शक्तिले देशलाई सही दिशा दिन सक्ला ?



दीपकराज जोशी

जेनजीको उदयले राजनीतिलाई सत्ताको दाउपेचबाट बाहिर ल्याएर जवाफदेहिता र नीतिको कठघरामा उभ्याइदिएको छ। यो पुस्ताको खबरदारी कुनै क्षणिक आक्रोश नभएर लोकतन्त्रलाई संस्कारी बनाउने एउटा ऐतिहासिक अवसर हो। वास्तवमा, नेपालको पुनर्जागरण कुनै एउटा दलको पेवा होइन; यो त नैतिकता, नागरिक सचेतना र युवाहरूको निडर प्रश्न गर्ने सामर्थ्यको त्रिवेणीबाट मात्र सम्भव छ।

नेपाली राजनीतिमा विकल्प भन्ने अवधारणा कुनै नयाँ वा आकस्मिक घटना होइन। इतिहास हेर्ने हो भने, राणाशासनको विकल्पका रूपमा कांग्रेस उदायो, पञ्चायत कांग्रेसको विकल्प बन्यो, र फेरि बहुदलीय व्यवस्था पञ्चायतको विकल्पका रूपमा स्थापित भयो जहाँ कांग्रेस र एमालेले सत्ता सम्हाले। त्यसपछि कांग्रेस-एमालेको असन्तुष्टि र विफलताबिच माओवादी शक्ति विकल्पका रूपमा उदायो। यस प्रक्रियामा थुप्रै साना-ठूला राजनीतिक विकल्पहरू पनि देखापरे। आज आएर 'विकल्प' भन्नाले राजनीतिक दलभन्दा बाहिरका स्वतन्त्र शक्ति वा स्वतन्त्र उम्मेदवारलाई बुझ्न थालिएको छ। यसले के स्पष्ट गर्छ भने विकल्पको राजनीति नेपालका लागि नयाँ होइन; नयाँ भनेको विकल्पप्रति बढ्दै गएको जनआकांक्षा र पुराना शक्तिप्रतिको गहिरिँदो अविश्वास हो। वास्तविक प्रश्न विकल्पको जन्म होइन, विकल्प सत्तामा पुगेपछि उसले राजनीतिक संस्कार परिवर्तन गर्न सक्छ कि सक्दैन भन्ने हो।

नेपालको राजनीति आज एउटा यस्तो गम्भीर मोडमा उभिएको छ, जहाँ एकातिर दशकौँदेखिको उही अनुहार, उही भाषा र उही असफलताको पुनरावृत्ति छ भने अर्कोतिर परिवर्तनको हुटहुटी बोकेको नयाँ पुस्ता। राज्यव्यवस्थाप्रतिको जनविश्वास इतिहासकै कमजोर बिन्दुमा पुगेका बेला जेनजी (सन् १९९७ देखि २०१२ को बिचमा जन्मेका युवाहरू) को उदयले राजनीतिलाई फेरि एकपटक ऐना देखाइदिएको छ। यो आन्दोलन केवल सडकको आक्रोश होइन, यो एक पुस्तागत चेतनाको उद्घोष पनि हो। अब देश यसरी चल्दैन भन्ने पृष्ठभूमिमा आजको नेपालको राजनीतिमा मूल प्रश्न उब्जिएको छ, के वैकल्पिक भनिएका शक्तिहरूले वास्तवमै नेपाललाई नयाँ दिशा दिन सक्छन् ?

**जेनजीको असन्तोष : आवेग कि चेतना ?**

जेनजीलाई धेरैले आवेगी, अधैर्य र अव्यवहारिक भनेर आलोचना गर्ने गर्छन्। तर उनीहरूको आवाजलाई गहिराइबाट सुन्ने हो भने स्पष्ट हुन्छ- यो पुस्ता केवल सत्ता परिवर्तन चाहँदैन, उनीहरू उत्तरदायित्व खोजिरहेका छन्।

उनीहरू नाराभन्दा नीति खोज्छन्, व्यक्तिभन्दा प्रणाली सोध्छन् र भाषणभन्दा परिणाम माग्छन्। यो असन्तोष अचानक पैदा भएको होइन। रोजगारीको अभाव, शिक्षा र श्रमबिचको विच्छेद, विदेश पलायनको बाध्यता र अवसरभन्दा पहुँचलाई प्राथमिकता दिने राजनीतिक संस्कृतिले यो पुस्तालाई विद्रोही बनाएको हो।

**वैकल्पिक शक्ति किन आकर्षक ?**

पुराना दलहरूले सुधारको मन्त्र जपिरहँदा व्यवहारमा सिन्डिकेट चलाएपछि, वैकल्पिक शक्तिहरू न्भल श का लागि आशाको केन्द्र बनेका हुन्। यी शक्तिले कम्तीमा एउटा आश्वासन दिएका छन्- हामी फरक छौँ। तर, प्रश्न यतिमै टुङ्गिँदैन। नेपालको इतिहास साक्षी छ धेरै आन्दोलनहरू विकल्प को नाममा आए, तर सत्ताको कुर्सीमा पुगेपछि तिनीहरू पुरानै प्रवृत्तिका नयाँ संस्करण मात्र साबित भए। त्यसैले जेनजीको प्रश्न आज व्यक्तिको अनुहारमा होइन, उसको कार्यशैलीमा केन्द्रित छ।

**विकल्प हुनु र वैकल्पिक राजनीति गर्नुमा फरक**

वास्तविक चुनौती यहीँ छ। वैकल्पिक शक्ति हुनु भनेको केवल पुरानाको विरोध गर्नु मात्र होइन, बरु पुरानाभन्दा फरक राजनीतिक संस्कार प्रस्तुत गर्नु हो। वास्तविक वैकल्पिक राजनीति त्यहीँ सुरु हुन्छ, जहाँ पदभन्दा विचार ठूलो हुन्छ र नैतिक अनुशासन व्यवहारमा देखिन्छ; जहाँ व्यक्ति होइन संस्था बलियो बनाउने संस्थागत सोच प्रधान हुन्छ; र जहाँ असहज प्रश्नहरूलाई शत्रुताका रूपमा होइन, सुधारको आधारका रूपमा स्वीकार गर्ने साहस हुन्छ। यदि वैकल्पिक शक्तिले पनि आलोचना सहन सक्दैनन्, लोकप्रियतालाई नै नीति ठान्छन् र नैतिकतालाई स्वार्थको वेदीमा चढाउँछन् भने, उनीहरू पनि अन्ततः 'पुरानै बोतलको नयाँ रक्सी' भन्दा फरक हुने छैनन्।

**नैतिकताको खडेरी र सर्पभन्दा खतरनाक मान्छे**

जब राजनीति नैतिकताविहीन हुन्छ तब त्यहाँ सर्प भन्दा खतरनाक मान्छेहरूको उदय हुन्छ। एउटा सर्पले आफ्नो अस्तित्व खतरामा पर्दा मात्र डस्छ, तर नैतिकता हराएको राजनीतिज्ञले सत्ता, स्वार्थ र अवसरका लागि आफ्नै जनताको भरोसामाथि योजनाबद्ध रूपमा पल-पल प्रहार गरिरहन्छ। जेनजीले यही योजनाबद्ध डसाइलाई अस्वीकार गरेको हो। उनीहरूले बुझेका छन्- सत्ता परिवर्तनले मात्र पुग्दैन, संस्कार परिवर्तन अनिवार्य छ।

**भारतबाट सिक्नु पर्ने पाठ**

आम आदमी पार्टी (एएपी) भारतमा वैकल्पिक शक्तिको रूपमा जनआक्रोश र भ्रष्टाचारविरुद्धको आन्दोलनबाट उदाएको उदाहरण हो। यसले देखायो कि स्पष्ट मुद्दा, सेवा-केन्द्रित शासन (शिक्षा, स्वास्थ्य, आधारभूत सेवा) र परिणाममुखी प्रशासनले छोटो समयमा जनविश्वास जित्न सक्छ। तर एएपी को अनुभवले चेतावनी पनि दिन्छ। आन्दोलनबाट सत्ता पुगेपछि संस्थागत लोकतन्त्र कमजोर पारियो भने विकल्प आफैं विवादको केन्द्र बन्छ। व्यक्तिकेन्द्रित नेतृत्व, आन्तरिक असहमतिमाथि नियन्त्रण, लोकप्रियतालाई दीर्घकालीन नीतिभन्दा माथि राख्ने प्रवृत्ति र संघीय संरचनासँगको टकरावले पार्टीको नैतिक दाबीलाई क्षीण बनायो। नेपालको सन्दर्भमा एएपीबाट सिकिने मुख्य पाठ यही हो। वैकल्पिक राजनीति सफल हुन केवल फरक हुनु पर्याप्त हुँदैन; संस्थागत अनुशासन, असहमति सहने संस्कार, पारदर्शिता र दीर्घकालीन नीति बिना विकल्प पनि अन्ततः पुरानै सत्ता-संस्कृतिको नयाँ रूप बन्न सक्छ।

नेपालमा वैकल्पिक शक्तिको सार्थकता केवल नयाँ अनुहारमा मात्र सीमित छैन; यसको वास्तविक परीक्षण जेनजीले अघिसारेका आधारभूत सर्तहरूको पालनामा निहित छ। सर्वप्रथम, राजनीतिमा नैतिक स्पष्टता ल्याउँदै इमानदारीलाई नै नेतृत्वको पहिलो कसी बनाइनुपर्छ।

दोस्रो, कुनै एक व्यक्तिको सनक वा आदेशमा चल्ने प्रणालीको अन्त्य गरी विधिको शासन र संस्थागत पद्धतिलाई स्थापित गर्नु अनिवार्य छ। त्यसैगरी, सार्वजनिक पदमा बस्नेहरूको हरेक निर्णयमा पारदर्शिता र जनताप्रतिको पूर्ण जवाफदेहिता हुनुपर्छ, ताकि भ्रष्टाचार र गुटबन्दीको अन्त्य होस्। अन्ततः, राजनीतिलाई शक्ति आर्जन गर्ने थलोको रूपमा नभई विशुद्ध सेवाभावको माध्यमका रूपमा आत्मसात् गरिनुपर्छ। यदि वैकल्पिक शक्तिहरूले यी मूल्यहरूलाई आफ्नो मार्गनिर्देशक सिद्धान्त बनाउन सके भने मात्र नेपालले अपेक्षा गरेको नयाँ दिशा र परिवर्तन सम्भव हुनेछ।

नेपालमा वैकल्पिक राजनीतिको सार्थकता अनुहारको फेरबदलमा होइन, संस्कारको रूपान्तरणमा निर्भर छ। सत्ता-प्राप्तिलाई मात्र साध्य ठान्ने पुरानो प्रवृत्तिलाई त्यागेर जबसम्म नयाँ शक्तिले नैतिक र संस्थागत पद्धतिलाई अंगाल्दैनन् तबसम्म दिशाहीनताको अन्त्य सम्भव छैन। यसैबिच, जेनजीको उदयले राजनीतिलाई सत्ताको दाउपेचबाट बाहिर ल्याएर जवाफदेहिता र नीतिको कठघरामा उभ्याइदिएको छ। यो पुस्ताको खबरदारी कुनै क्षणिक आक्रोश नभएर लोकतन्त्रलाई संस्कारी बनाउने एउटा ऐतिहासिक अवसर हो। वास्तवमा, नेपालको पुनर्जागरण कुनै एउटा दलको पेवा होइन; यो त नैतिकता, नागरिक सचेतना र युवाहरूको निडर प्रश्न गर्ने सामर्थ्यको त्रिवेणीबाट मात्र सम्भव छ।

घटना र विचारबाट

# चिसोमा झ्याल-ढोका बन्द राख्नुहुन्छ ? यी स्वास्थ्य समस्याहरू हुन सक्छन्

**जाडोमा घरको भेन्टिलेसन कसरी गर्ने ?**

जाडो याममा चिसो हावाबाट बच्न मानिसहरू घरका सबै झ्याल ढोका बन्द राख्छन्। यसले गर्दा घरमा सही भेन्टिलेसन हुन पाउँदैन, जसबाट भित्रको हावाको गुणस्तर बिग्रन्छ र शरीरमा अक्सिजनको कमी हुन सक्छ। यो वातावरणमा लामो समय बस्दा टाउको दुख्ने, थकान महसुस हुने र सास फुल्ने जस्ता समस्याहरू देखिन सक्छन्। दमजस्ता समस्या भएका मानिसहरूलाई त झन् बढी अप्ठ्यारो हुन सक्छ।

**जाडोमा घरको हावाको गुणस्तर किन बिग्रन्छ ?**

जाडोमा चिसोबाट बच्न झ्याल र ढोका बन्द गर्दा हावाको आवागमन रोकिन्छ र कोठामा ताजा हावा आउँदैन। दिनभरि मानिसहरूले सास फेर्दा कार्बनडाइअक्साइडको मात्रा बढ्दै जान्छ।

जब कोठाको हावा बाहिर निस्कन पाउँदैन, तब त्यसमा कार्बन डाइअक्साइड र अन्य ग्यासहरू जम्मा हुन थाल्छन्। धूप, दियो, मैनबत्ती वा हिटरबाट निस्कने धूवाँ र धुलोका कणहरूले पनि हावालाई भारी बनाउँछन्।

यो बन्द हावाले शरीरमा पर्याप्त अक्सिजन पुग्न दिँदैन, जसले गर्दा थकान, टाउको दुख्ने र सुस्ती महसुस हुन्छ। लामो समयसम्म यस्तो हावामा बस्दा श्वासप्रश्वाससम्बन्धी समस्या र एलर्जी हुन सक्छ। त्यसैले हावा ताजा राख्नका लागि हल्का भेन्टिलेसन आवश्यक छ।

**खराब भेन्टिलेसनले शरीरमा पार्ने असरहरू:**

कम भेन्टिलेसन भएको घरमा अक्सिजनको स्तर घट्छ र कार्बन डाइअक्साइड बढ्छ। यसले शरीरको ऊर्जामा असर गर्छ। लामो समयसम्म यस्तो हावामा बस्दा मस्तिष्कले पर्याप्त अक्सिजन पाउँदैन, जसले टाउको दुख्ने, चक्कर लाग्ने, थकान र एकाग्रताको कमी जस्ता समस्या हुन सक्छन्।

कमजोर भेन्टिलेसनले घरमा चिसोपना (नमी) पनि बढाउँछ, जसले फङ्गस र ब्याक्टेरियालाई बढावा दिन्छ। यसले छाला, आँखा र श्वासप्रश्वासको एलर्जी बढाउन सक्छ।

**घरभित्र हुने प्रदूषण**

घरभित्र पनि प्रदूषण हुन सक्छ, जसलाई 'इन्डोर एयर पोल्युसन' भनिन्छ। यो तब हुन्छ जब कोठाको हावा बाहिरको हावासँग साटिँदैन।

धूप, मैनबत्ती, हिटर वा भान्साको ग्यासबाट निस्कने धूवाँ, सफाइका केमिकल र धुलोका कणहरूले हावालाई प्रदूषित गर्छन्। यी साना कणहरू फोक्सोमा गएर जलन र श्वासप्रश्वासको



समस्या निम्त्याउन सक्छन्।

**घरमा अक्सिजन कमी भएको संकेत:**

घरमा अक्सिजन कम भइरहेको छ भने सुरुमा थकान, टाउको दुख्ने, आँखा पोल्ने वा निद्रा लागेजस्तो महसुस हुन सक्छ। कतिपय अवस्थामा मन भारी हुने वा चिडचिडापन पनि महसुस हुन्छ। सास फेर्न हल्का समस्या, पटक-पटक हाई आउनु र ध्यान केन्द्रित गर्न नसक्नु पनि यसका सङ्केत हुन्। जुन घरहरूमा चिसोपना र अनौठो गन्ध आउँछ, त्यहाँ पनि हावामा अक्सिजनको कमी हुन सक छ। यस्तो बेला केही समयका लागि झ्याल खोल्नु वा भेन्टिलेसन फ्यान चलाउनु आवश्यक हुन्छ।

**दम वा एलर्जी भएकाले ध्यान दिनुपर्ने कुरा:**

दम वा एलर्जी भएका मानिसहरूले जाडोमा कोठाको हावामा विशेष ध्यान दिनुपर्छ। बन्द ठाउँमा धुलो, धूवाँ वा चिसोपना बढ्दा सास फेर्न गाह्रो हुन सक्छ। धूप, मैनबत्ती वा कोठामा प्रयोग गरिने अत्तरहरूबाट जोगिनु पर्छ। कोठामा घाम आउन दिनुपर्छ र हरेक दिन केही समयका लागि झ्याल खोलेर ताजा हावा भित्र आउन दिनुपर्छ। यदि घरमा हिटर प्रयोग गरिन्छ भने, त्यसको नजिक पानीको कचौरा राख्दा हावामा चिसोपना कायम रहन्छ र सास फेर्न सजिलो हुन्छ।

**भेन्टिलेसन सुधार गर्ने सरल उपाय:**

प्रत्येक दिन केही समयका लागि झ्यालहरू खोल्नुपर्छ ताकि ताजा हावा भित्र आउन सकोस्। बिहान वा दिउँसो १०-१५ मिनेटका लागि यसो गर्नु पर्याप्त हुन्छ। भान्सा र बाथरुममा एग्जस्ट फ्यान वा भेन्टिलेसन फ्यान लगाउनुपर्छ।

**हावा सफा राख्ने उपयोगी बोटबिरुवाहरू:**

घरको हावा सफा गर्न एलोवेरा, मनी प्लान्ट, पीस लिली, स्पाइडर प्लान्ट र स्नेक प्लान्ट जस्ता केही बिरुवाहरू धेरै उपयोगी हुन्छन्। यिनीहरूले कार्बन डाइअक्साइड सोसेर अक्सिजन छोड्छन्। साथै, यिनीहरूले हावामा रहेका फर्मलडिहाइड र बेन्जिन जस्ता विषाक्त पदार्थहरूलाई पनि कम गर्छन्। यिनलाई घरको कुना वा कौसीमा राख्नुपर्छ। दिनमा केही समय घाम परेमा यिनीहरूले अझ राम्रो काम गर्छन्।

यदि घर बाहिरको हावा धेरै प्रदूषित छ भने, एयर प्युरिफायर उपयोगी हुन सक्छ। यसले हावामा रहेका धुलोका कण र हानिकारक ग्यासहरूलाई फिल्टर गर्छ। तर बोटबिरुवा पनि प्राकृतिक एयर क्लिनर हुन्।

यिनीहरूले हावामा अक्सिजन बढाउँछन् र चिसोपना कायम राख्छन्। दुवैको साथमा प्रयोग गर्नु सबैभन्दा राम्रो हो। कम प्रदूषण भएको ठाउँहरूमा केवल बोटबिरुवा पनि पर्याप्त असरदार हुन्छन्।

**चिसोबाट बच्दै भेन्टिलेसन कायम राख्ने तरिका:**

जाडोमा दिनभरि झ्याल बन्द राख्नुको सट्टा दिउँसोको समयमा (जब तापक्रम सबैभन्दा बढी हुन्छ) १०-१५ मिनेटका लागि झ्याल खोल्नुपर्छ। यसले घरको बासी हावा बाहिर निस्कन्छ। भान्सा वा बाथरुममा एग्जस्ट फ्यान चलाउनुपर्छ ताकि चिसोपना र धूवाँ जम्मा नहोस्। यदि धेरै चिसो छ भने, हल्का एयर सर्कुलेसन कायम राख्न एउटा सानो भेन्ट स्लाइड खुला राख्नुपर्छ।

# नेप्से परिसूचक ४७ अङ्कले बढ्यो



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार उच्च अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक ४७ दशमलव ५५ अङ्कले बढेर दुई हजार ६३३ दशमलव ४२ को बिन्दुमा कायम भएको हो।

विभिन्न ३२८ कम्पनीका एक करोड ३४ लाख ६७ हजार १४५ कित्ता शेयर ८९ हजार २५१ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ५३ करोड १३ लाख ७० हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। विकास बैंक, लघुवित्त र अन्य समूहको उपसूचकमा दुई प्रतिशतभन्दा माथिको वृद्धि देखिएको छ।

मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै ९ दशमलव ४९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै युनियन हाइड्रोपावर लिमिटेडको रु २७ करोड ६० लाख ३५ हजार १९३ बराबरको पाँच लाख ५४ हजार ९२१ कित्ता शेयर किनबेच भएको छ।

## लुम्बिनीलाई...

पर्यटन विकासमा भारतको साथ महत्वपूर्ण हुने उनको सुझाव छ। पर्यटन विकासका लागि बौद्ध सर्किट बनाउन आवश्यक रहेको तथा सारनाथ, कुशिनगर र लुम्बिनीलाई जोड्न सकिने उनले औंल्याए। भारतमा रामजानकी सर्किट बनेको हुँदा अयोध्यासँग जनकपुरलाई जोड्नुपर्ने उनले बताए। फेक न्यूजबाट बच्न दुई देशका पत्रकारबिच सही सूचना आदानप्रदान गर्न सकिने उनले जनाए। ९० प्रतिशत मिथ्या सूचना न्यू मिडियाबाट प्रवाह हुने गरेका उनले बताए। भ्यूज बढाउने र पैसा आर्जन गर्ने उद्देश्यका कारण न्यू मिडियाले मिथ्या सूचनालाई प्रवाह गरिरहेको भन्दै उनले उनीहरुलाई पत्रकारिताको मूल्य मान्यतामा बाँध्न अपरिहार्य रहेको बताए। सिक्किम प्रेस क्लबका अध्यक्ष भिम रावतले लोकतन्त्रको सबैभन्दा ठूलो आधार स्तम्भ पत्रकारिता भएको औंल्याउँदै दुई देशको समृद्धिका लागि सहकार्य आवश्यक रहेको बताए। सिक्किम र नेपाललाई दुई देशको पर्यटन प्रवर्द्धनमा जोड्न सकिने भन्दै उनले सिक्किममा कञ्चनजंगा पार्क र नेपालको चितवन राष्ट्रिय निकुञ्जको पर्यटन प्रवर्द्धनमा दुई देशबिच साझेदारी गर्न सकिने बताए। सिक्किम विश्वकै पहिलो अर्गानिक राज्य भएको र कञ्चनजंघाको राज्य भनेर चिनाउन चाहेको भन्दै उनले लुम्बिनीलाई धार्मिक पर्यटनको केन्द्र बनाउन सकिने जनाए।

लुम्बिनी बौद्ध विश्वविद्यालयका क्याम्पस प्रमुख दयानिधि गौतमले वेद र बुद्ध नेपाल र भारत दुबै देशका साझा सम्पदा भएकाले दुई देशबिचको सम्बन्ध अरु देशसँगको भन्दा बेग्लै महत्वको रहेको बताए। सूचना प्रविधिको तीव्र विकाससँगै एआईको युगमा आइसक्दा नयाँ वेद र नयाँ बुद्ध जन्माउन सक्ने कि नसक्ने चुनौती थपिएको र यसमा दुबै देशको साझा प्रयत्न र सहकार्य आवश्यक रहेको उनले औंल्याए। मिथ्या सूचना प्रवाह रोक्न बुद्धका उपदेश र बौद्ध दर्शनले सहयोग गर्ने उनको सुझाव थियो। विभिन्न स्वार्थका कारण मिथ्या सूचना प्रवाह हुने गरेका भन्दै उनले सम्यक वचनलाई पालन गरे मिथ्या सूचना प्रवाह नहुने बताए।

यस्तै 'पत्रकारितामा प्रश्न : जिम्मेवारी र जवाफदेहिता' विषयमा अर्को छलफल भएको छ। छलफलमा बोल्दै नेपाल प्रेस काउन्सीलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले मिडियाले सूचनाको दोहोरो-तेहोरो प्रमाणिकरण (भेरिफाई ) र समाचारको तहगत सम्पादन गर्नु अपरिहार्य हुने बताए। सूचनाको भेरिफाई र विना सम्पादन प्रवाह गरिने समाचारले समाजलाई दिग्भ्रमित पार्ने र अप्रिय घटना समेत निम्त्याउनेतर्फ सधैँ सजग बन्नुपर्ने बताए।

मिडियाले राज्यका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गरी तीन अंगलाई निगरानी गर्ने र उनीहरुबिच पुलको काम गर्ने भएकाले मिडियालाई चौथो अंग भनिएको आचार्यले बताए। पत्रकारहरु समाचार लेख्न स्वतन्त्र भए पनि त्यसले पार्ने असर र प्रभावबारे जिम्मेवार र जवाफदेही बन्नै पर्ने बताए।

'मिडियाहरु बढी अधिकारमुखी मात्र भएर पुग्दैन, जिम्मेवारमुखी पनि उत्तिकै हुनुपर्छ, आचारसंहिता पालना गरेकै हुनुपर्छ,' आचार्यले भने-'पत्रकारले आफ्नो मर्यादा राखे मात्र पत्रकारिता मर्यादित हुन्छ।' आचार्यले मिडियाले कर्तब्यको पालना गरे अधिकार आफैँ प्राप्त हुने बताए।

अन्नपूर्ण पोष्टका प्रधान सम्पादक अखण्ड भण्डारीले मिडियाले सधैं सत्य बोल्ने, सत्य लेख्ने र सत्य व्यवहार गर्नुपर्नेमा जोड दिएका छन्। भण्डारीले मिडिया र पत्रकारले क्षमायाचना (सरी भन्न) र धन्यवाद भन्न कन्जुस्याई गरिरहेको औंल्याए। मिडियामा प्रविधिको प्रयोगलाई सकारात्मकरुपमा लिनुपर्ने भण्डारीले सुझाव दिए। प्रविधिले पछाडि नभई अगाडि नै लैजाने भन्दै भण्डारीले प्रविधिसंग हिंड्न नसके मिडियाहरु डाइनोसर बन्ने औंल्याए। रास्वपा सभापति रवि लामिछानेले मूलधारका मिडियाका सम्पादकहरुलाई १२ भाइको नामारण गरेको घटनापछि समाजमा असल पत्रकारलाई समेत नकारात्मक दृष्टिले हेर्ने परिपाटी विकास भएको भण्डारीले बताए। मिडिया कर्मबाट माथि उठेकै व्यक्तिले अगुवा पत्रकारमाथि लगाएको १२ भाइको नामाकरणले मिडियाको विश्वसनियतामाथि अनुचित प्रहार गरेको र सिंगो समाजलाई दिग्भ्रमित गरेको भण्डारीले टिप्पणी गरे। भण्डारीले पार्टी निकटका पत्रकारहरुको जनवर्गीय संगठनका कारण पनि निष्पक्ष पत्रकारितामाथि प्रश्न उठेको औंल्याए।

उद्योग वाणिज्य महासंघ लुम्बिनीका अध्यक्ष कृष्णप्रसाद शर्माले मिडिया सरकार र निजी क्षेत्र दुबैका लागि ऐना भएको बताए। तर सत्य सूचना दिन नसक्दा मिडियाको विश्वसनियता घटेको भन्दै उनले सत्य सूचना छनोट गरेर मात्र प्रवाह गर्न आग्रह गरे। ढुंगा, गिट्टी, बालुवा निर्यातबारे मिडियाले विना अध्ययन मिथ्या सूचना प्रवाह गरेको दाबी गर्दै शर्माले त्यसले ठूलो संख्यामा रोजगारी गुमेको र अर्थतन्त्रमा नकारात्मक असर गरेको बताए। युवाहरुको विदेश पलायनलाई नकारात्मक मात्र नभई त्यहाँबाट ज्ञान, सीप सिकेर देशमा लागू गरेका सकारात्मक सूचना पनि बाहिर ल्याउनुपर्ने शर्माले आग्रह गरे।

सीमा क्षेत्रमा हुने तस्करी, भन्सार छली, लागुऔषध कारोबार र बुद्ध नेपालमा जन्मेको बारे भारतीय मिडियाले पनि कलम चलाउनुपर्ने आवश्यकता शर्माले औंल्याए। निजी क्षेत्रलाई प्रवर्द्धन गर्न, लगानीमैत्री वातावरण बनाउन र पर्यटन प्रवर्द्धन गर्न मिडियाको सकारात्मक भूमिका हुनुपर्ने शर्माले अपेक्षा गरे। निष्पक्ष र आलोचनात्मक पत्रकारिताले निजी क्षेत्र र पत्रकारिता दुबै पक्षलाई फाइदा हुने शर्माले बताए।

पत्रकारिता अध्येता मिनाक्षी न्यौपानेले मिडियामा काम गर्ने सबै पत्रकार नहुने विषयमा सबै स्पष्ट हुनुपर्ने बताइन्। समाचारको काम गर्ने मात्रै पत्रकार हुने र पत्रकारमा विशेष ज्ञान र दक्षता हुनुपर्ने उनको भनाइ थियो। पत्रकारिता अनुभवले मात्र नभई विषयगत शैक्षिक योग्यता पनि हुनुपर्ने बताइन्। महिलाका विषयमा समाचार लेख्न, महिलाका मुद्दा उठाउन महिला पत्रकार नै चाहिन्छ भन्ने मान्यता राख्न नहुने न्यौपानेले बताइन्।

छलफलमा नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्मा, महासंघका निवर्तमान अध्यक्ष विपुल पोखरेल, लुम्बिनी प्रदेश उपाध्यक्ष शुक्रऋषि चौलागाईंलगायतले मिडियाको जिम्मेवारी र जवाफदेहीताको प्रमुख काम राज्यलाई निरन्तर प्रश्न सोध्ने र बेथितिविरुद्ध खबरदारी गर्नु पर्नेमा जोड दिए।

फेस्टिवल उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मूख्यमन्त्री चेतनारायण आचार्यले नेपाल र भारतको पर्यटकीय सम्भावना, साँस्कृतिक र धार्मिक सम्बन्ध बढाउन यस्ता फेस्टिभलले योगदान पुऱ्याउने बताए। दुवै देशका मिडियाले दुवै देशको राष्ट्रिय अखण्डता, सार्वभौमिकता र सह-अस्तित्व स्वीकार गर्दै अघि बढ्नुपर्ने उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले ठूलो जनसंख्या भएको भारतबाट पर्यटक भित्राएर नेपालको आर्थिक समृद्धि हासिल गर्न सकिने औंल्याए।

कार्यक्रममा छिमेकी मुलुक भारतबाट ४० जना पत्रकार सहभागी भएका थिए। पत्रकारिता क्षेत्रको विकास, लुम्बिनीको प्रवर्द्धन र यस क्षेत्रका मुद्दाहरुलाई राष्ट्रिय-अन्तर्राष्ट्रियकरण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले बताए।

## लुम्बिनी...

कार्यक्रममा लुम्बिनी प्रदेश प्राविधिक विश्वविद्यालयका उपकुलपति प्रा. डा. विनोदप्रसाद ढकाल, बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा. डा. सुवर्णलाल बज्राचार्य, प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्री, जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चापागाईं, प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्याल, बारबर्दिया नगरपालिकाका प्रमुख छविलाल थारु, घोराही उप-महानगरपालिकाका प्रमुख नरुलाल चौधरी, पूर्व प्राध्यापक प्रेम शाह, विद्यार्थी सृष्टिका भट्टराई र ओजस्वी आचार्यलगायतले धारणा राखेका थिए।

सामाजिक विकास मन्त्रालयका सचिव दिवाकर भण्डारीले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त निर्देशक हरिलाल अर्यालले प्रतिवेदन प्रस्तुत गरेका थिए। साक्षर प्रदेश घोषणा अभियानमा योगदान पुऱ्याउने विभिन्न व्यक्ति तथा संस्थालाई सम्मान गरिएको थियो।

कार्यक्रमको सहजीकरण उप-सचिव ऋषिराज शर्मा र वरिष्ठ शिक्षा अधिकृत वेगम केसीले गरेका थिए।

# सिद्धार्थ राजमार्गको मर्मतसम्भार कार्य तीव्र



**प्रकाश डोटेल**

*स्याङ्जा*

राष्ट्रिय राजमार्गको सरकारले नियमित मर्मतसम्भार गर्नुपर्ने हुन्छ। अधिकांश राजमार्गको बिस्तारमा वार्षिक अर्बौं रकम खर्च गरिरहेको सरकारले केही राजमार्गको मर्मतसम्भारमा ध्यान दिन सकेको देखिंदैन। दुई वर्षदेखि सामान्य मर्मतसम्भार नगर्दा सिद्धार्थ राजमार्ग दुरावस्थामा पुगेको छ। मर्मतसम्भारको अभावमा बढ्दै गएको खाल्टाखुल्टीले सृजना गरेको दुर्घटना र भोग्दै आएको सास्तीलाई कम गराउन जनदबाब सृजना भएपछि राजमार्गको मर्मतसम्भार सुरु भएको छ।

सिद्धार्थ राजमार्गको कुभिण्डे-राम्दी खण्डको सडक सुधार गर्न मर्मतसम्भार कार्य तीव्र बनाइएको छ। जिल्ला प्रशासन कार्यालयमार्फत् स्थानीयको चर्को दबाबपछि राजमार्ग मर्मतसम्भार कार्यलाई सडक विभाग पोखराले तीव्रता दिएको हो। मंसिरको अन्तिम साताबाट सडक मर्मतको कामलाई तीव्रता दिइएको विभागले जनाएको छ।

पोखरा-बुटवल जोड्ने सिद्धार्थ राजमार्गको झण्डै १८५ किलोमिटरअन्तर्गत स्याङ्जा जिल्लाभित्र पर्ने कुभिण्डे-राम्दी करिब ८२ किलोमिटर सडक खण्डको मर्मतसम्भार कार्यलाई तीव्रता दिइएको छ। पछिल्लो १५ दिनमा करिब एक हजार स्क्वायर फुट क्षेत्रफल सडक मर्मतसम्भार गरिएको छ भने कुभिण्डेदेखि राम्दीसम्म झण्डै १० हजार स्क्वायर फुट सडक मर्मतसम्भार गर्नुपर्ने अवस्थामा रहेको सडक विभाग पोखराले जनाएको छ।

विभागको पोखरास्थित कार्यालयको श्रोत, टिपर, लोडरसहितका साधन, एक दर्जन अर्धदक्ष जनशक्ति र प्राविधिक परिचालन गरेर सडकको तत्काल मर्मतसम्भारको काम अगाडि बढाएको प्रमुख इञ्जिनियर अमितकुमार शर्माले बताए। पहिलो चरणमा पुतलीबजार नगरक्षेत्रको सडकका खाल्टाखुल्टी टाल्ने काम भएको छ भने अबछिट्टै फेदीखोला, भीरकोट, वालिङ र गल्याङ नगरपालिका क्षेत्रमा मर्मतसम्भारको काम सुरु गरिने शर्माले जनाए।

सडक मर्मतको ठेक्का लगाउन प्रक्रियागत केही समय लाग्ने भएपछि उपलब्ध श्रोत र साधनको उपयोगबाट खाल्टाखुल्टी टाल्ने काम तीव्र रुपमा भएको छ। सडकमा भएका खाल्टाखुल्टी सफा गर्ने, ढुङ्गा, गिट्टी राख्ने, अलकत्र बिछ्याएसँगै प्रिमिक्स राखेर लोडरले थिचेर तीव्र गतिमा खाल्टाखुल्टी पुर्ने काम भएको इञ्जिनियर शर्माले बताए। स-साना मर्मतको काम विभाग आफैँले गरेको छ भने ठूला मर्मतको काम ठेक्का लगाउने काम भएको शर्मा जनाए।

राजमार्ग मर्मतसम्भारअन्तर्गत फेदीखोला गाउँपालिका-२ र पुतलीबजार नगरपालिका-४ को भालुपहाड खण्डमा झण्डै ३ हजार स्क्वायर फुट तथा पुतलीबजार नगरपालिका-११ र भीरकोट नगरपालिका-१ को हेलुबजार खण्डको २ हजार ५ सय स्क्वायर फुट गरी ५ हजार ५ सय स्क्वायर फुट सडक ढलान गर्नुपर्ने अवस्थामा छ। भालुपहाड र हेलुबजारको सडक ढलान र मर्मत गर्न करिब चार करोड मूल्य बराबरको बोलपत्र आव्हान गरेको विभागले आशयको सूचना प्रकाशित गरेर काम सुरु हुने चरणमा पुऱ्याएको जनाइएको छ।

कार्यालयसँग उपलब्ध बजेट, श्रोतसाधन र जनशक्ति परिचलानबाट सडक मर्मतको कामलाई तीव्रता दिएको विभागले अर्थ मन्त्रालयसँग आवश्यक बजेट माग गरेको जनाएको छ। राजमार्गको कुभिण्डे-राम्दी खण्डको मर्मत गर्न करिब ४५ करोड आवश्यक पर्छ। तत्काल १० करोड हाराहारीको लागतमा मर्मतको कामलाई तीव्रता दिएर अपुग बजेट माग गरेको विभागले बजेट सुनिश्चित हुँदै गएपछि करिब २ महिनाभित्र मर्मतको काम सक्ने गरी अगाडि बढेको सडक विभाग पोखराका इञ्जिनियर धुर्ब पोखरेलले बताए।

पोखरा-कुभिण्डे खण्डको करिब १३ किलोमिटर सडक एक वर्षअघि पूर्णरुपमा मर्मत गरिसकिएको छ। विभागले जनाएअनुसार सिद्धार्थ राजमार्गको पाल्पा खण्डमा पर्ने राम्दी-दोभान झण्डै ७० किलोमिटर मर्मत भइसकेको छ भने बुटवल-सुनौली खण्ड चारलेनको सडक विस्तार भइसकेको छ। केही सयमभित्र स्याङ्जामा पर्ने राजमार्गको बाँकी खण्ड मर्मत भएपछि सिद्धार्थ राजमार्गा पूर्णरुपमा मर्मतसम्भार भएसँगै सवारीसाधन निर्वाध रुपमा चल्ने विभागले जनाएको छ।

नेपाल-भारतको सिमाना सुनौलीबाट बुटवल हुँदै पाल्पा, स्याङ्जा भएर पयर्टकीय सहर पोखरा घुम्न र मुस्ताङ्को मुक्तिनाथ मन्दिर दर्शन गर्ने लाखौ पर्यटकले सिद्धार्थ राजमार्गमा हजारौं सवारीसाधन गुडाउने गर्दछन्। भारतीय सिमानासँग जोडिएको सिद्धार्थ राजमार्ग तराई, पहाड र हिमाल जोड्ने अन्य मार्गको तुलनामा छोटो र सहज राजमार्ग हो। पर्यटकको आगमनले लाखौं रोजगारी सृजना गर्न सक्ने सिद्धार्थ राजमार्गको तत्काल विस्तारमा सरकारले ध्यान दिनुपर्नेमा स्थानीय अगुवाले माग गरेका छन्।


**Government of Gandaki Province**
**Ministry of Industry and Tourism**
**Ministry of Social Development Youth and Sports**
**Integrated Service Office**
**Nawalparasi (Ba.Su.Pu.)**

**Invitation for E-Bid**

Date of Publication: 2082-09-14 (2025-12-29)

1. Province Government, Ministry of Industry and Tourismand Ministry of Social Development Youth and Sports Integrated Service Office, Nawalparasi (Ba.Su.Pu.) invites electronic bid from duly registered eligible bidders for the contract given below

| S. N | Contract No. | Description of the Work | Estimated Amount With Vat and PS NRs | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | ISO/DSSLB/ Works/NCB-01/082-83 | Construction of Devchuli Secondary School Lab Building Devchuli -16 | 97,42,814.24 | 2,55,000.00 | 3000.00 | 90 days |
| 2 | ISO/NLSSLB/ Works/NCB-02/082-83 | Construction of Nepal Loksewa Secondary School Lab Building Madhyabindu-09 | 97,42,814.24 | 2,55,000.00 | 3000.00 | 3000.00 |

2. For Purchasing Bid Document, Name of Office: Integrated Service Office, Nawalparasi (Ba.Su.Pu.), Name of Bank: Rastriya Banijya Bank Limited, Office Code No.:3500846014, Account no.: 1000100200010000, Revenue Head no.:14229
3. To deposit security in Cash: Name of Bank: Rastriya Banijya Bank Limited, Account Name: Dharauti Khata, Account no: 3200100202030000
4.Last date and time for bid submission: 2082-10-14 / 12:00 Noon (ii) Date, time and place for bid opening : 2082-10-14/ 14:00 Hours. ISO, Nawalparasi (Ba.Su.Pu.) For detail information, please inspect the bidding documents at the ISO, Nawalparasi (Ba.Su.Pu.) or through website: www.bolpatra.gov.np/egp and 078-540675

**Office Chief**



**मर्चवारीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खैरा, रुपन्देही**
**लुम्बिनी प्रवेश नेपाल**

**करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/८

प्रस्तुत विषयमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत मर्चवारीमाई गाउँपालिकाको रुपन्देहीमा मनोसामाजिक परामर्श सेवा तथा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्न तथा नगरिक आरोग्य कार्यक्रम अभियान सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र रितपूर्वकको आवेदन यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ।

| क सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/२०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता | पाँचौं | १ |
| २ | ०३/२०८२-०८३ | कविराज / वैद्य | चौंथो | ११ |
| ३ | ०४/२०८२-०८३ | कार्यालय सहयोगी | श्रेणीविहिन | |

१. **मनोसामाजिक परामर्शकर्ता आवश्यक योग्यताः**
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग / मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट जारी गरिएको प्रमाण पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ।
- कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, Power Point मा दिईएको प्रत्रको उत्तर नेपाली वा अंग्रेजी भाषामा दिन सक्नु पर्नेछ।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने।

२ कविराज / वैद्य आवश्यक योग्यताः
- मान्यता प्रप्त शैक्षिक संस्थाबाट AAHW वा सो सरह उर्तिण गरि सम्बन्धित परिषदमा दर्ता भएको।

३ कार्यालय सहयोगी आवश्यक योग्यताः ८ कक्षा उर्तिण वा सो सरह।
- दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।

२. दरखास्त दिने स्थान- मर्चवारीमाई गाउँपालिकाको कार्यालय, खैरा रुपन्देही।
३. दरखास्त दिने अन्तिम मिति सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८२-०९-२२ )
४. आवेदनको दस्तुर रु.५००।- (पाँच सय मात्र) र कार्यालय सहयोगीको हकमा रु.३००/- ( तीन सय मात्र)
५. मनको किसिमः
- मनोसामाजिक परामर्शकर्ताको लागि लिखित एवं प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता
- कविराज/वैधको लागि लिखित परीक्षा र अन्तर्वार्तो
- कार्यालय सहयोगीको लागि अन्तर्वार्ता मात्र

६. आवश्यक कागजातहरुः माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो दुई प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रूपमा खुलाई निवेदन सहित पालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।
७. सेवा सुविधाः स्थानीय सेवाको पाँचौ तह सरह हुनेछ।
८. परीक्षा मितिः पछि तोकिने छ।
९. करार अवधिः २०८३ असार मसान्तसम्म

**प्रमुख प्रशासकीय अधिकृत**



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**परीक्षा दिँदै विद्यार्थी:**
म्याग्दीको धौलागिरी गाउँपालिका-३ फलियागाउँस्थित धनजनता माध्यमिक विद्यालयका विद्यार्थीहरू कक्षा कोठा बाहिर बसेर आन्तरिक परीक्षा दिँदै । जाडो यामका कारण विद्यार्थीहरूलाई घाममा राखेर परीक्षा लिइएको हो । तस्विर : दलप्रसाद विश्वकर्मा / रासस

# सर्वाधिक राशीको स्नुकर प्रतियोगिता आजदेखि



बुटवल । नेपाल बिलियर्ड्र्स पुल तथा स्नूकर संघ रूपन्देहीको आयोजनामा बुटवलमा आजदेखि नवौं जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिता हुँदैछ।

बुटवलस्थित खस्यौली स्नूकर क्लबमा आजदेखि हुने प्रतियोगिताको खेलतालिका सार्वजनिक गर्दै खेलको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको हो ।

उद्घाटन समारोहको बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले उद्घाटन गर्नेछन् । खेलहरु बुटवलस्थित खस्यौली स्नूकर क्लबमा हुनेछन् ।

एक हप्तासम्म प्रतियोगिता सञ्चालन हुने प्रतियोगितामा १ सय २८ खेलाडी सहभागी भएको संघका अध्यक्ष सुजन पुनले जानकारी दिए । ८ वटा समूहमा १६/१६ खेलाडी रहनेगरी विभाजन गरी खेल तालिका सार्वजनिक गरिएको उनले बताए । ८ वटा समूह बिजेताका बिचमा क्वाटरफाइनल खेलाइने जानकारी गराए ।

प्रतियोगिताको विजेताले एक लाख, उप-विजेताले ५० हजार तथा हाइएस्ट स्कोररले २० हजार, उदियमान खेलाडी र अनुशासित खेलाडीले ५/५ हजार र स्नूकर स्टीक प्राप्त गर्ने छन् । स्नूकरको जिल्लास्तरीय प्रतियोगिताको विजेताले पाउने यो राशी हालसम्मकै सर्वाधिक भएको अध्यक्ष पुनले बताए ।

प्रतियोगिताको निरन्तरता र खेलाडीको प्रोत्साहनमा बुटवल उप-महानगरको आर्थिक सहयोग महत्वपूर्ण रहको अध्यक्ष पुनले बताए । उनले १५ लाख रुपैयाँ खर्च अनुमान गरिएको प्रतियोगितालाई बुटवल उप-महानगरपालिकाको मुख्य आर्थिक सहयोग रहेको बताए ।

संघले नियमितरुपमा हरेक वर्ष प्रतियोगितालाई निरन्तरता दिएर स्नुकर खेललाई थप उचाइमा पुराएको महासचिव प्रकाश क्षेत्रीले बताए । प्रतियोगिता सम्पन्न गर्न विभिन्न ६ वटा उप-समितिहरु गठन गरिएको थियो ।

# औद्योगिक प्रदर्शनीमा छड्के अनुगमन

बुटवल । बुटवलमा जारी औद्योगिक प्रदर्शनीको दशौं दिन आइतबार बुटवल उप-महानगरपालिकाले छड्के अनुगमन गरेको छ । प्रदर्शनी तथा मेलामहोत्सवहरुमा मिति नाघेका वस्तुको बिक्रीवितरण हुने, अखाद्य वस्तुको मिसावटमा खाद्यपदार्थ बेचिने हुनसक्ने विषयलाई ध्यानमा राखेर उप-महानगरले छड्के अनुगमन गरेको थियो । उप-महानगरपालिकाका उप-मेयर सावित्रा अर्यालको नेतृत्वमा आएको अनुगमन टोलीले प्रदर्शनीमा रहेका कुनै पनि स्टलहरुमा मिति नाघेका वस्तु तथा होटलहरुमा अखाद्य वस्तु भेटिएन । 'म जिम्मेवारीमा आएपछि तीन वटा यस्ता प्रदर्शनी महोत्सवको अनुगमन गरेँ, तर अहिलेजस्तो व्यवस्थित पहिलेकोमा थिएन, दुई होटलमा अलिकति सरसफाइका लागि अनुगमन टोलीले सचेत गराएका छौं, हामीले २ घन्टा लगाएर अधिकांश स्टलहरुमा पुगेर अनुगमन गरेका हौं, टोलीमा नियमित अनुगमनमा हिंड्ने उप-महानगरका सदस्यहरु थियौं, यस्तो प्रदर्शनी र महोत्सवहरुमा स्टलधनीलाई आयोजकले नै कडाइ गर्नुपर्दछ ।'-उनले भनिन् । रुपन्देही उद्योग संघका प्रथम उपाध्यक्ष तथा स्टल अनुगमन उप-समिति संयोजक हरिबहादुर खत्रीले उप-महानगरको अनुगमन टोलीसँग साक्षीको रुपमा सबै स्टालमा पुगेको, तर टोलीले दुई स्टलमा सामान्य सरसफाइबारे सचेत गराउनुबाहेकका कुनै कमजोरी नभेटाएको जानकारी दिए ।

आइतबार प्रदर्शनी स्थलमा स्वदेशसँगै विदेशी अवलोकनकर्ता पनि आएपछि आयोजकलाई हौसला बढेको अध्यक्ष कृष्ण पराजुलीले बताए । सामाजिक सञ्जालमा राखेको सूचनाका आधारमा भुटानबाट लुम्बिनी घुम्न आएका तीन दर्जन पर्यटक प्रदर्शनी स्थल आएको प्रचारप्रसार संयोजक किरण खरेल बताउँछन् । पर्यटन उपसमितिका संयोजक टंकनारायण आचार्यका अनुसार यहाँ आएका पर्यटकलाई टोलीले लुम्बिनी घुमाउन लगेको समयमा भुटानबाट त्यहाँ आएका पर्यटकहरुको ठूलो टीमले त्यहाँका पर्यटन व्यवसायीसँगको समन्वयमा प्रदर्शनी अवलोकनको रुची राखेपछि ल्याउने व्यवस्था मिलाइएको हो ।

आइतबार नै संस्थागत रुपमा चितवन उद्योग संघका अध्यक्ष मदन घिमिरे र देवदह व्यापार संघका अध्यक्ष माधव ढकालको नेतृत्वमा आएको टोलीलाई सम्मान गरिएको अतिथि सत्कार उप-समितिका संयोजक शारदा भट्टराईले जानकारी दिइन् ।

यसैगरी प्रदर्शनीमा आइतबार सकिएको विद्यालय नृत्य प्रतियोगितामा लुम्बिनी बोर्डिङ्ग स्कुल प्रथम, अक्सफोर्ड दोस्रो र तिनाउ तेस्रो भएको सांस्कृतिक उप-समिति संयोजक लालप्रसाद बस्यालले बताए ।

यसैगरी प्रदर्शनीमा राखिएको खुला रक्तदानमा सचेतनासँगै रक्तदान गर्नेको संख्या पनि बढेको यसको समन्वय गरेका नेपाल नियमित रक्तदाता संघका अध्यक्ष अशेष सिलवालले जनाए ।

आइतबार नै नेपाल राष्ट्र बैंकका कामु गर्भनर डा. निलम ढुंगानाले प्रदर्शनीको अवलोकन गरेका छन् । उनी सोमबार रुपन्देही उद्योग संघले आयोजना गरेको समृद्ध नेपालको आधार स्वदेशी उद्यमशीलताको विस्तार विषयक छलफल कार्यक्रममा सहभागी हुनका लागि आएका हुन् । यो कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ, लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्याल, नेपाल उद्योग परिसंघका अध्यक्ष ई वीरेन्द्रराज पाण्डे र वरिष्ट अर्थविद् डा. केशव आचार्य आउने संघका महासचिव सुमन बस्यालले जानकारी दिए ।

पुस ३ गतेदेखि १७ गतेसम्म रुपन्देही उद्योग संघले आयोजना भएको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवमा दिन प्रतिदिन अवलोकनकर्ताको संख्या बढ्दै गएको प्रदर्शनी प्रबन्धक यादव भण्डारीले जानकारी दिए । संघका कोषाध्यक्ष विशाल बेलबासेले प्रदर्शनीमा अवलोकनकर्तासँगै कारोबार पनि दैनिक बढ्दै गएको बताए ।

पुषको पहिलो सातादेखि नै बुटवलमा हुस्यु तथा शीतलहर सुरु भए पनि त्यसको बाबजुत अवलोकनकर्ताको घुइँचो लागेको छ । प्रदर्शनीमा स्वदेशी उत्पादन र यसको प्रविधिबारे जानकारी दिने, उद्योगी र उपभोक्ताहरूको सोभ्फो सम्पर्कको स्थापना गर्ने, उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीहरूका बिचमा समस्या, अवसर र चुनौतीबारे अन्तर्क्रिया गर्ने विषयलाई प्राथमिकतामा राखेको संघले जनाएको छ ।

# जितेश्वरी सामुदायिक वनमा पर्यापर्यटनलाई उच्च महत्व



बुटवल । जितेश्वरी सामुदायिक वन उपभोक्ता समूहको ३०औं वार्षिक साधारणसभाले वन क्षेत्रमा आधारित पर्यापर्यटनलाई उच्च महत्व दिँदै उपभोक्तामुखी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । अध्यक्ष गंगाबहादुर केसीले पेश गरेको प्रतिवेदनले आगामी कार्ययोजनाअन्तर्गत पर्यापर्यटनको माध्यमबाट आय आर्जनका वैकल्पिक पक्षको खोजी गरी स्थानीय समुदायको अपनत्व सृजना गर्नका लागि साहसिक खेल, प्रकृतिसँग रमाउँदै साहित्य लेखन, मनोरञ्जन, पिकनिकलगायतका काम गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने लक्ष्य राखेको छ ।

विगतदेखि उठाउँदै आएको संग्रहालय स्थापनाका लागि लुम्बिनी प्रदेश सरकारसँगको सहकार्यमा वनस्पतिहरुको अभिलेखीकरणसहितको संग्रहालय स्थापना गर्ने योजनाका लागि पनि आवश्यक निर्णय गरेको छ ।

सो अवसरमा प्रमुख अतिथि रुपन्देही डिभिजन वन कार्यालयका प्रमुख प्रवीण विडारीले भौगोलिक रुपले चुरे क्षेत्र भएर पनि यहाँको आम्दानी घट्दै गएको कुरा स्वीकार्दै वैकल्पिक माध्यम अपनाउन सुझाव दिए ।

उपभोक्ताहरुको मेहनतले हरियाली कायम हुन सकेकोमा सन्तोष व्यक्त गर्दै उनले समूहले गर्ने कानुनसम्मत निर्णयमा आफ्नो तर्फबाट सहयोग रहने विश्वास व्यक्त गरे ।

यसअघि समूहका सल्लाहकार डी.आर. घिमिरेले यथास्थितिमा सामुदायिक वन चल्न नसक्ने अवस्था रहे पनि फरक तरिकाले उपभोक्ताको सहभागितामा पर्यापर्यटनका योजना ल्याइने र तिनलाई डिभिजन कार्यालयले सहजीकरण गरिदिएमा नेपालकै सन्दर्भमा नमूना प्रस्तुत गरिने विश्वास व्यक्त गरे । 'हामी कर्पोरेट हाउसबाट हैन आफ्नै आवश्यकता र क्षमतामा आधारित योजना ल्याउन तयार छौं ।'-उनले भने ।

सल्लाहकार पुरुषोत्तम बश्यालले प्रतिवेदनले केही नयाँ गर्न खोजेकोमा धन्यवाद दिँदै आफ्नो तर्फबाट सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

गंगाबहादुर केसीको अध्यक्षतामा सम्पन्न साधारणसभामा जनप्रतिनिधि शेरबहादुर थापा, सामुदायिक वन उपभोक्ता महासंघ रुपन्देहीका अध्यक्ष श्यामकला आचार्य, सल्लाहकार टीका ओली, उपाध्यक्ष नेतन गुरुङ र शेरबहादुर गुरुङ, सचिव रीता घिमिरे, कोषाध्यक्ष नमकला बेल्बासे, आन्तरिक लेखा समितिका संयोजक ताराप्रसाद गौडेललगायतले शुभकामना तथा मन्तव्य व्यक्त गरेका थिए ।

# लुम्बिनी इन्टिग्रेटेड एकेडेमीको दोस्रो स्थापना दिवस सम्पन्न



तिलोत्तमा । पूर्वाञ्चल विश्वविद्यालय सम्बन्धन प्राप्त लुम्बिनी इन्टिग्रेटेड एकेडेमीले दोस्रो स्थापना दिवस 'उच्च शिक्षाको सम्भावना र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ ।

अन्तरक्रिया कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा.लेखनाथ शर्माले कार्यपत्र प्रस्तुत गरेका थिए ।

अन्तरक्रिया कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै प्राध्यापक शर्माले विश्वविद्यालयको शिक्षाले भविष्यमा आवश्यक ज्ञान र सीप प्रदान गर्न सक्ने सम्भावनामा शंका उठिरहेको हुनाले उच्च शिक्षाको अवधारणामा परिवर्तन ल्याउनु पर्नेमा जोड दिए ।

सन् २०२३ बाट एआईका कारण उच्च शिक्षामा नयाँ प्रकारको चुनौती आइरहेको विश्लेषण गर्दै शर्माले एआईलाई ज्ञानको स्रोतको रुपमा नभई ज्ञान उत्पादनको साधनको रुपमा प्रयोग गर्नुपर्ने बताए । पहिले शिक्षा सार्वजनिक विषय र सेवाको क्षेत्र रहेको उल्लेख गर्दै शर्माले अहिले शिक्षा बिक्रीको वस्तु र विश्वविद्यालयहरु कर्पोरेट हाउस जस्तै बनेको हुँदा उच्च शिक्षा सुधार्न राज्यदेखि समाजसम्मको भूमिका रहने उल्लेख गरे ।

कार्यक्रममा कार्यपत्रमाथि शिक्षाविद् प्राध्यापक आनन्दमान शाक्य, सिद्धार्थ इन्टरनेशनल कलेजका रामप्रसाद खरेल, अध्यापक डा. प्रकाश शर्मा, क्यानका प्रिन्सिपल शंकर भण्डारी, लीलाराम माविका प्रअ रुपकुमार रायमाझी, अध्यापक रोम शर्मा, मेघराज शर्मा, माधव पौडेल, अधिवक्ता गोविन्द मरासिनी, तिलोत्तमा नपाका कार्यपालिका सदस्य रवि सेन्चुरी, वन तथा वातावरण विज्ञ दामोदर शर्माले कार्यपत्रमाथि आफ्ना विचार राखेका थिए ।

अन्तरक्रिया कार्यक्रममा यस क्षेत्रका क्याम्पस प्रमुखहरु, शिक्षाविद्, प्राध्यापक, लेखक, बुद्धिजीवीको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रम एकेडेमीका डाइरेक्टर पुरन खड्काको अध्यक्षता, एकेडेमिका कोअर्डिनेटर रामचन्द्र श्रेष्ठको सञ्चालन र सञ्चालक समिति सदस्य सन्दिप कसौधनको स्वागतसहित सम्पन्न भएको थियो ।


**श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि.**
**सि.न.पा.१२, रूपन्देहीको**
**सूचना**

आदरणीय शेयर सदस्य महानुभावहरु, संस्थामा शेयर सदस्य भई शेयर रकम राख्नु भएको तर संस्थामा निक्षेप, कर्जा तथा संस्थाको कुनै क्रियाकलापमा सहभागिता नभई निस्क्रिय देखिनु भएका शेयर सदस्य ज्यूहरुलाई २०८२ साल पौष मसान्तसम्ममा सक्रिय हुन सूचना गराउने, यदि सो समयसम्म पनि संस्थामा सक्रिय हुनु नआएको खण्डमा सो सदस्यहरुलाई निस्क्रिय सदस्य मानी शेयर सदस्यता खारेज गर्ने र शेयर रकमलाई निस्क्रिय सदस्य भुक्तानी दिनुपर्ने खातामा जम्मा गरिदिने भन्ने मिति २०८२ पौष ५ गते बसेको २९ औं साधारणसभाको भेलाबाट निर्णय भएको हुँदा सबै सदस्य महानुभावहरुमा यसै सूचना मार्फत जानकारीको लागि अनुरोध छ ।






**पामिर इन्टरनेशनल एकेडेमी प्रा.लि. को**
**१८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

मिति २०८२/०९/०४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार विद्यालयको १८औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई उपस्थितिको लागि हार्दिक निमन्त्रणा गरिन्छ ।

**मिति:** २०८२/०९/२५ गते शुक्रबार ।
**समय:** अपराह्न ३.०० बजे ।
**स्थान:** विद्यालयको सभा हल

**प्रस्तावहरू:**
१. संस्थाको वार्षिक शैक्षिक प्रतिवेदन प्रस्तुत छलफल र पारित सम्बन्धमा ।
२. आ.व.२०८१/०८२ को आर्थिक प्रतिवेदन प्रस्तुत ।
३. आ.व. २०८२/०८३ को लागि अनुमानित बजेट प्रस्तुत ।
४. आ.व.२०८२/०८३ को लागि लेखा परीक्षकको पारिश्रमिक एवं नियुक्ति सम्बन्धमा ।
५. माइन्युटमा हस्ताक्षर सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

**गोपाल गौतम** — **प्राचार्य** **एवम्** **मोहन चापागाईं** — **अध्यक्ष**

**पामिर इन्टरनेशनल एकेडेमी प्रा.लि.**
**तिलोत्तमा-२, रूपन्देही**
**फोन नं. ०७१-४३८०३६, ९८५७०५९८४८**



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com